आज मिति २०८१ चैत्र १० गते आइतबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिकाको बैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ६९ औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

**उपस्थिति:**

| | |
|---|---|
| नगर प्रमुख खड्ग बहादुर गुरुङ | -अध्यक्ष |
| उप प्रमुख पुष्पराज खनाल | -सदस्य |
| वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल | -सदस्य |
| वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही | -सदस्य |
| वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल | -सदस्य |
| वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम पराजुली | -सदस्य |
| वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की | -सदस्य |
| वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल | -सदस्य |
| वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ | -सदस्य |
| वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट | -सदस्य |
| वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लुविन्द्र गुरुङ | -सदस्य |
| वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ | सदस्य |
| नगर कार्यपालिका सदस्य नानुमाया लामा | -सदस्य |
| नगर कार्यपालिका सदस्य सोचना लौडारी | -सदस्य |
| नगर कार्यपालिका सदस्य कल्पना सुनार | -सदस्य |
| नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ | -सदस्य |
| नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी | -सदस्य |
| नगर कार्यपालिका सदस्य सुक बहादुर वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विन्दु वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विमला कुमाल | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत धनेश्वर पौडेल | -सदस्य सचिव |

**अन्य उपस्थिति:**

तुल वहादुर वि.क. – वरिष्ठ प्रशासकीय अधिकृत/बैठक व्यवस्थापक

पूर्ण बहादुर नेपाली - उपसचिव

विमला कार्की - प्रशासकीय अधिकृत

श्याम बहादुर पराजुली लेखा अधिकृत

## मिति २०८१/१२/१० गतेको ६९ औं नगरकार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं. १**

गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयबाट मिति २०८१/११/२९ मा प्रकाशित स्थानीय तहको प्रशासकीय भवन निर्माण साझेदारी कार्यक्रममा सम्झौता प्रकृयाका लागि सम्पर्कमा आउने सम्बन्धी सूचना अनुसार यस राइनास नगरपालिकाको वडा नं.९ र १० को वडा कार्यालय भवन साझेदारीमा निर्माण गर्न प्रस्ताव पठाएकोमा सोको सम्झौता गर्न २०८१/१२/१४ गतेभित्र नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई पठाउने ।

**निर्णय नं.२ :**

राइनास नगरपालिकाबाट चालु आर्थिक वर्ष २०८१/८२ मा स्वीकृत वडा तथा नगरस्तरीय योजना मिति २०८१ चैत्र पहिलो हप्ताभित्र सम्झौता गरिसक्ने अघिल्लो महिना कार्यपालिकाबाट निर्णय भएकोमा केही योजना सम्झौता गर्न बांकी रहेकोले योजना सम्झौता गर्ने अवधि २०८१ चैत्र २० गते सम्म थप गर्ने र उक्त अवधिमा योजना सम्झौता गरिसक्ने त्यसपछि आउने कुनै पनि योजना सम्झौता नगर्ने ।

**निर्णय नं.३ :**

मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तरगत सूचना प्रकाशन गरी प्राप्त आवेदकहरुसंग सम्झौता गरी कार्य अगाडि बढाईएकोमा केही लाभग्राही छुट भएको भन्ने गुनासो आएकोले कार्यविधि बमोजिम निर्देशक समितिबाट छुट भएका लाभग्राहीहरुलाई मिति २०८१ चैत्र २० गतेभित्र आवेदन पेश गर्ने सूचना प्रकाशन गरी कार्य अगाडि बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

**निर्णय नं.४ :**

काठमाडौं महानगरपालिकाको कृषि उपज खरिद गर्ने सम्बन्धी कार्यविधि बमोजिम Agro pulling मा यस राइनास नगरपालिकाको तर्फबाट पनि कार्य गर्ने गरी प्रारम्भिक सम्झौता गर्ने र सूचना प्रकाशन गरी सम्भावित उत्पादन हरुको पहिचान गर्ने ।

**निर्णय नं.५ :**

नगरक्षेत्रको मुख्य मुख्य सडक र वस्तीहरुमा जडान गरेको सडक वत्तीको महसुल तिर्ने सम्बन्धमा अधिकांश वडाहरुमा सम्बन्धित टोल सुधार समितिबाट नै महसुल भुक्तानी भएको र बाँकी रहेका केही वडाहरुमा पनि सोही बमोजिम महसुल भुक्तानी गर्ने व्यवस्था गर्ने र छुट भएको स्थानमा यथाशीघ्र तार र बत्ती जडानको कार्य सम्पन्न गर्ने ।

**निर्णय नं.६ :**

ल्याण्डफिल्ड पार्क निर्माणमा जग्गा व्यवस्थापन समितिको प्रतिवेदन जानकारी गराई सोही बमोजिम जग्गा व्यवस्थापनको कार्य अगाडि बढाउदै जाने र फोहोर व्यवस्थापनको लागि गाडी व्यवस्थापन गर्ने, कार्ड छपाई तथा वितरण र फोहोर शुल्क संकलन तथा सचेतना कार्यक्रम अगाडि बढाउने।

**निर्णय नं.७ :**

शैक्षिक सत्र २०८१ मा यस राइनास नगरपालिकामा पदस्थापन हुने प्राथमिक तहका शिक्षकहरुको नियमानुसार पदस्थापन गर्ने र नगरपालिकाको शिक्षा क्षेत्रमा सुधार गर्ने विद्यालय तहमिलान, समायोजन तथा खारेजी गर्ने र कार्यविधि तर्जुमा गर्ने सन्दर्भमा अध्ययन गरी प्रतिवेदन पेश गर्न देहायबमोजिमको कार्यदल गठन गर्ने ।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

देहाय :

सामाजिक विकास समितिका संयोजक श्री वलराम पराजुली - संयोजक

वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल - सदस्य

वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही - सदस्य

विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि मध्येबाट श्री गोविन्द चिलुवाल - सदस्य

नगरकार्यपालिका सदस्य महिला श्री सोचना लौडारी - सदस्य

शिक्षा क्षेत्रमा योगदान रहेका शिक्षाविदमध्येबाट नगरप्रमुखबाट मनोनित १ जना - सदस्य

शिक्षा शाखा प्रमुख श्री पूर्ण बहादुर नेपाली - सदस्य-सचिव

विविध :

१.आर्थिक सहायताका लागि प्राप्त निवेदनहरु उपर छलफल गर्दा निम्न अनुसार आर्थिक सहायता प्रदान गर्ने ।

| क्र.सं. | निवेदक | विषय | आर्थिक सहायता रकम रु. | शिर्षक | संलग्न कागजातहरु |
|---|---|---|---|---|---|
| १ | वडा नं.३ निवासी एक बहादुर पराजुली | ७०/८० भारी पराल र दाउरामा आगो लागि क्षति भएको | २०,०००।- | विपद विपद व्यवस्थापन | प्रहरी प्रतिवेदन/ मुचुल्का, वडाको सिफारिस र निवेदन |
| २ | वडा नं.२ निवासी राम बहादुर शाही | विरामी भएको र आर्थिक अवस्था कमजोर भएको | ८,०००।- | आर्थिक सहायता | औषधीका विलहरु र निवेदन |
| ३ | वडा नं.९ निवासी प्रभा के.सी. | २००० जति कुखुरा अज्ञात रोगका कारण मरेर क्षति भएको | २०,०००।- | विपद विपद व्यवस्थापन | निवेदन र वडा सिफारिस |

२.राइनास नगरपालिका वडा नं.६ मा रहेको एग्रो डायमण्ड कं.प्रा.लि.का प्रतिनिधि खगराज कडरियाले कित्ता नं.२४६ को जग्गामा पोखरी निर्माणका लागि दिएको निवेदन सम्बन्धमा छलफल गर्दा नगरपालिकाबाट नगर प्रमुख र उपप्रमुख सहितको प्राविधिक टोलीले स्थलगत अनुगमन गरी क्षेत्र निर्धारण गर्ने र उक्त जग्गाको सीमानामा रहेको छिमेकीको जग्गाधनीको लिखित स्वीकृतिको आधारमा पोखरी निर्माण गर्न दिने र उत्खननको क्रममा निस्कने ढुंगा, गिटी र कंक्रिट यकिन गरी नियमानुसारको दस्तुर लिई पोखरी खन्न दिने पोखरी निर्माण भए नभएको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाई अनुगमन गर्ने ।

३.राइनास नगरपालिका वडा नं.१ मा रहेको श्री ज्ञानोदय माध्यमिक विद्यालयमा वाद्यार्थीहरुको सुविधाको लागि छात्रबास निर्माण गर्न आवश्यक रहेकोले छात्रावास निर्माण गर्न संघीय तथा प्रदेश सरकार समक्ष सिफारिस गरी पठाउने।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८१ चैत्र २० गते बुधबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिकाको बैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ७० औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

**उपस्थिति:**

| | |
|---|---|
| नगर प्रमुख खड्ग बहादुर गुरुङ | -अध्यक्ष |
| उप प्रमुख पुष्पराज खनाल | -सदस्य |
| वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल | -सदस्य |
| वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही | -सदस्य |
| वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल | -सदस्य |
| वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम पराजुली | -सदस्य |
| वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की | -सदस्य |
| वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल | -सदस्य |
| वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ | -सदस्य |
| वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट | -सदस्य |
| वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लुविन्द्र गुरुङ | -सदस्य |
| वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ | सदस्य |
| नगर कार्यपालिका सदस्य नानुमाया लामा | -सदस्य |
| नगर कार्यपालिका सदस्य सोचना लौडारी | -सदस्य |
| नगर कार्यपालिका सदस्य कल्पना सुनार | -सदस्य |
| नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ | -सदस्य |
| नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी | -सदस्य |
| नगर कार्यपालिका सदस्य सुक बहादुर वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विन्दु वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विमला कुमाल | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत धनेश्वर पौडेल | -सदस्य सचिव |

**अन्य उपस्थिति:**

वरिष्ठ प्रशासकीय अधिकृत टुल बहादुर वि.क.

नितेश सिवाल, इन्जिनियर

सिजन देवकोटा सूचना प्रविधि अधिकृत

रमेश थापा, सहायक प्रशासकीय अधिकृत,

सविन गुरुङ, नगर प्रमुखज्यूको स्वकीय सचिव,

लेखा अधिकृत श्री श्याम बहादुर पराजुली

मिति २०८१/१२/२० गतेको कार्यपालिका बैठकका निर्णयहरु:

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

स्वास्थ्य शाखाबाट प्रस्ताव भएको "राइनास आधारभूत नगर अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन कार्यविधि २०८१" नगर कार्यपालिकामा अध्ययनका लागि पेश गरियो।

निर्णय नं. २

गण्डकी प्रदेश सरकार अन्तर्गत प्रदेश नीति तथा योजना आयोगबाट चलानी नं. ४९४, मिति २०८१।१२।१३ मा प्राप्त पत्रानुसार आगामी आ.ब. २०८२।०८३ को लागि विशेष र समपुरक अनुदान अन्तर्गत तीन तीन वटा आयोजना प्रस्ताव गर्न आव्हान भए अनुरुप यस नगरपालिका अन्तर्गतका निम्न आयोजनाहरुका प्राथमिकीकरण सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो।

आयोजना विवरण:

क. विशेष अनुदान अन्तर्गत आयोजनाहरु:

| क.सं. | आयोजना नाम | पत्रानुसार स्वीकृत क्षेत्र | योजनाको लागत अनुदान | सञ्चालन हुने स्थान | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १. | राइनास नगरपालिकाको "एक घर एक धारा" योजनाको पूर्णता | (क) | ४० लाख | वडा नं. १, २ र ३ | ३५०० |
| २. | बगुवा पहिरो नियन्त्रण | (च) | ४० लाख | वडा नं. ९ | १०,००० |
| ३. | सिसौघारी खहरे खोला, डुडखोला नियन्त्रण/तटबन्धन योजना | (च) | ४० लाख | वडा नं. २ र ३ | १००० |

ख. समपुरक अनुदान अन्तर्गत आयोजनाहरु

| क.सं. | आयोजना नाम | पत्रानुसार स्वीकृत क्षेत्र | योजनाको लागत अनुदान | सञ्चालन हुने स्थान | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १. | काली रह-जिम्मल चौतारा बाँकी भाग कालोपत्रे (वडा कार्यालय वडा नं. ७ जोड्ने) | (ङ) | १२० लाख | वडा नं. ७ | १०,००० |

निर्णय नं. ३

लमजुङ पर्यटन सहकारी संस्थाले कृषि परियोजना कार्यान्वयन गर्न संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय र राइनास कृषि पर्यटन परियोजना कार्यान्वयन गर्न गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालयमा अनुदानका लागि सिफारिस गरिदिन अनुरोध भए बमोजिम सिफारिस गर्ने।

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमपानी, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७४

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४

महालेखा नियन्त्रक कार्यालयको चलानी नं. ५१, मिति २०८१।११।१३ को "वित्तीय समानीकरण अनुदान हस्तान्त्रण" विषयको समानीकरण अनुदान तेस्रो किस्ता रकममा ३.९२% कटौती हुने विषयमा छलफल गरियो। स्रोत नपुग हुने अवस्थालाई मिलान गर्न आवश्यक निर्णयहरु गर्दै जाने निर्णय गरियो।

निर्णय नं. ५

नगर सभाबाट स्वीकृत आ.ब. २०८१।०८२ को सि.नं. ५३ र ५४ "खेलकुद कार्यक्रम" (मेयर कप, राइनास कप भलिबल, फुटबल र अन्य खेलकुद कार्यक्रम) शीर्षकको रकमबाट निम्नानुसार खेलकुद कार्यक्रमलाई रकम छुट्याई शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत खेलकुद कार्यक्रम गर्न स्वीकृत दिने।

| सि.नं. | कार्यक्रम | सञ्चालन गर्ने संस्था | रकम |
|---|---|---|---|
| १. | वडा नं. १० को खुला फुटबल प्रतियोगिता | प्यारजुङ युथ क्लब रा.न.पा. १० | १ लाख ५० हजार |
| २. | वडा नं. ७ को मेयर कप भलिबल कार्यक्रम | नवकिरण युवा क्लब वड नं ७, गरमवेशी | १ लाख ५० हजार |

निर्णय नं. ६

वडा नं. १ र ६ का वडा कार्यालय निर्माण सम्पन्न भएको हुँदा २०८१।१२।२४ गते दुवै वडा कार्यालय भवन उद्घाटन गर्ने र नयाँ भवनबाट सेवा सञ्चालन गर्ने।

निर्णय नं. ७

गौलिटार खेलमैदान समितिका लागि भवन निर्माण गर्न नगरपालिका/वडाको नाममा निःशुल्क प्राप्त हुने जग्गाको नामसारी गर्दा लाग्ने राजश्व छुट गर्न जिल्ला मालपोत कार्यालय लमजुङलाई सिफारिस गर्ने।

निर्णय नं. ८

राइनासकोट पार्कका लागि जलवायु अनुकुलन कार्यक्रमबाट छुट्याइएको रकम रु ३० लाख मध्येबाट वडा नं. ६ मा रहेको औद्योगिक ग्रामको जग्गामा लिची, आँप, अशोका सहितका १५०० विरुवा खरिद गरी रोपण गर्ने, सो वृक्षारोपण नगरपालिका जनप्रतिनिधि, कर्मचारी लगायत राजनैतिक, सामाजिक क्षेत्रका व्यक्तित्वहरुलाई आमन्त्रण गरी सहभागिता बढाउने।

निर्णय नं. ९

नगरपालिकाको बजेट कार्यक्रम सहयोग अन्तर्गत समूह/सहकारीहरुबाट उत्पादित दुना, टपरी, माटाको भाँडा, साबुन आदि वस्तु नगरपालिकामा बन्न लागेको कोशेली घरबाट विक्री वितरणको व्यवस्था मिलाउने।

निर्णय नं. १०

वडा नं. ९ को सि.नं. १४३ को **"हिमचुली आमा समूह भवन साततले निर्माण/मर्मत वडा नं. ९"** लाई **"भैरब स्थान साततले कुडुँले सडक स्तरोन्नति"** मा परिवर्तन गरी कार्यान्वयन गर्न स्वीकृति दिने।

निर्णय नं. ११

चालु आ.ब. २०८१/०८२ को स्वीकृत कार्यक्रमको सि.नं. ९० को एक वडा एक प्राविधिक छात्रवृति (१० जना) बाट हालसम्म ९ जना स्वीकृत भएको र थप १ जना राइनास नगरपालिका वडा नं. ९ का

राइनास बहुप्राविधिक शिक्षालय (CTEVT) मा १ जना बन विज्ञान तेस्रो बर्षमा अध्ययनरत छात्र श्री रामशरण थापालाई यो बर्षको रकमबाट छात्रवृति दिने।

निर्णय नं. १२

राइनास नगरपालिका र जनविकास सहकारी संस्था बीच कृषकहरुको दुध संकलनका लागि नगरपालिकाबाट उपलब्ध गराइएको बोलेरो गाडी दुर्घटनाग्रस्त भई ढुवानी सेवा अवरुद्ध भएको २०८१।११।२८ गते देखि २०८१।१२।२० गते सम्मको लागि प्रति दिन रु १,०००/- का दरले दुध ढुवानी बापत सहकारी संस्थालाई सि.नं. ९५ "सवारी साधन तथा मेशिनरी औजार भाडा" शीर्षकबाट भुक्तानी दिने। २० गते पश्चात अन्य व्यवस्थापन गर्न उक्त सहकारीलाई पत्र मार्फत जानकारी दिने।